आज मिति २०७७/११/२० गतेका दिन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, गुल्मीमा उपभोक्ता हित संरक्षणका लागि निम्न उपस्थितामा बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नामथर | पद | कार्यालय/संघ/संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| २ | श्री नारायण प्रसाद भण्डारी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| ३ | श्री पदम प्रसाद पाण्डे | संयोजक | नागरिक समाज | |
| ४ | श्री तारा भुसाल | महासचिव | गुल्मी उद्योग वाणिज्य संघ | |
| ५ | श्री विरेन्द्र भुसाल | उपाध्यक्ष | गुल्मी च्याम्बर्स अफ कमर्स | |
| ६ | श्री लालमणी आचार्य | सचिव | होटल व्यवसायी मञ्च | |
| ७ | श्री ललिता गौतम | अध्यक्ष | उपभोक्ता संरक्षण मञ्च, गुल्मी | |
| ८ | श्री हिरा कुँवर | सदस्य | भ्रस्टाचार विरुद्धको नागरिक निगरानी संस्था | |
| ९ | श्री विष्णु प्रसाद भण्डारी | अध्यक्ष | गैर सरकारी महासंघ, गुल्मी | |
| १० | श्री टोपलाल अर्याल | सचिव | पत्राकार महासंघ, गुल्मी | |
| ११ | श्री लक्ष्मण घिमिरे | उ. अधिकृत | घरेलु तथा साना उद्योग कार्यालय | |
| १२ | श्री उद्धव पन्थी | प्र. अ. | जिल्ला प्रशासन कार्यालय | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

**निर्णय नं. १**

गुणस्तरीय वस्तु सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानीक अधिकारको संरक्षण गर्न उपभोक्ताको गुनासोलाई सम्बोधन गरी वस्तु तथासेवाको सहज आपूर्तीलाई व्यवस्थापन गर्न उपभोक्ता हित विपरितका गतिविधिको नियमन तथा नियन्त्रण गर्न देहाय बमोजिम उपभोक्ता हित संरक्षण संयन्त्र गठन गर्ने ।

संयोजक-स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, गुल्मी
सदस्य-प्रतिनिधि १, नागरिक समाज
सदस्य-प्रतिनिधि १, गुल्मी उद्योग वाणिज्य संघ
सदस्य-प्रतिनिधि १, गुल्मी च्याम्बर्स अफ कमर्स
सदस्य-प्रतिनिधि १, उपभोक्ता संरक्षण मञ्च, गुल्मी
सदस्य-प्रतिनिधि १, पत्राकार महासंघ, गुल्मी
सदस्य-प्रतिनिधि १, गैर सरकारी महासंघ
सदस्य-उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय
सदस्य सचिव- प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, गुल्मी
आवश्यकता बमोजिम अन्य सदस्यलाई आमन्त्रण गर्न सकिनेछ ।

**निर्णय नं. २**

उपभोक्ता हित संरक्षण संयन्त्रले वस्तु (खाद्य लगायत उपभोग्य वस्तु) र सेवा (विद्युत, सिँचाइ, खानेपानी, सूचना प्रविधि, टेलिकम, शिक्षा, स्वास्थ्य, यातायात, बैङ्किग, इन्जिनियरिङ्ग) को कार्यक्षेत्रलाई केन्द्रित गरी निगरानी गर्ने ।

**निर्णय नं. ३**

वस्तु तथा सेवाको सहज पहुँच, आपूर्ती, प्राप्ती, गुणस्तर सम्बन्धमा आएका गुनासाहरुलाई लिई प्रचलित क़ानून, संघ, प्रदेश तथा स्थानीय तहको अधिकार बमोजिम सम्बन्धीत क्षेत्रबाट सुधार गर्न पहल गर्ने, सिफारिस गर्ने, आवश्यकता अनुसार अनुगमन गर्ने, कार्वाही गर्ने ।

**निर्णय नं. ४**

उपभोक्ता हित विपरितका कार्यहरुलाई नियन्त्रण गर्न सूसूचित गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

__निर्णय नं. ५__

उपभोक्ता हित विपरितका कार्यको गुनासोलाई संयन्त्रको जो सुकै सदस्यलाई गुनासो राख्न सक्ने गरी सूसूचित गर्ने ।उपभोक्ता हित विपरित भैरहेका र हुन सक्ने स्थानहरुको पहिचान गरी निरन्तर निगरानी गर्ने ।

__निर्णय नं. ६__

उपभोक्ता हित विपरीतका कार्यको गुनासो, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको सम्पर्क नं. ०७९-५२११४१ मा समेत टिपाउन सकिने जानकारी गराउने ।

__निर्णय नं. ७__

संयन्त्रका सदस्यहरुले सदस्यहरुलाई प्राप्त वा आफैले देखेको समस्यालाई प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीलाई गराउने ।

__निर्णय नं. ८__

संयन्त्रको बैठक न्यूनतम महिनाको १ पटक बस्ने ।

प्रमुख जिल्ला अधिकारी